नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४८ | अङ्क ४ | पुस २०८० | डिसेम्बर-जनवरी २०२३

# मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा सार्वजनिक




नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८०/८१ को निम्ति जारी गरिएको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा सार्वजनिक गरेको छ। बैंकले २०८० मङ्सिर २२ गते उक्त समीक्षा सार्वजनिक गरेको हो।

पछिल्लो आन्तरिक तथा बाह्य आर्थिक स्थिति र परिदृश्यका आधारमा वार्षिक मौद्रिक नीतिमा लिइएको कार्यदिशालाई समीक्षामार्फत थप लचिलो बनाइएको छ। विद्यमान मुद्रास्फीतिलाई प्रभाव पार्ने विभिन्न पक्षको विश्लेषण, शोधनान्तर स्थिति र निजी क्षेत्रतर्फ जाने बैंक कर्जाको वृद्धिदरलाई दृष्टिगत गर्दै बैंक दर र नीतिगत दरलाई घटाइएको छ। जसअनुसार, बैंक दरलाई ७.५ प्रतिशतबाट ७.० प्रतिशत कायम गरिएको छ। यस्तै, नीतिगत दर र निक्षेप सङ्कलन बोलकबोल दरलाई क्रमशः ५.५ प्रतिशत र ३.० प्रतिशत बनाइएको छ। जुन यसअघि क्रमशः ६.५ प्रतिशत र ४.५ प्रतिशत थियो। अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातसम्बन्धी विद्यमान व्यवस्थालाई भने यथावत राखिएको छ।

बैंक तथा वित्तीय संस्थाले निष्कासन गरेका डिवेन्चरलाई २०८० पुससम्मका लागि स्रोतका रूपमा शतप्रतिशत गणना गर्न पाउने व्यवस्था रहेकोमा सोपश्चात् उक्त डिवेन्चरको ५० प्रतिशत रकम २०८१ असारसम्मका निम्ति स्रोतको रूपमा गणना गर्न पाउने व्यवस्था मिलाइने समीक्षामा उल्लेख छ।

नियतवश कर्जा भुक्तान नगर्ने ऋणीउपरको कारबाहीलाई थप प्रभावकारी बनाउँदै परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीलाई कर्जा पुनर्संरचना र पुनरतालिकीकरणलगायतका माध्यमबाट सहजीकरण गरिने जनाइएको छ। यसको निम्ति बैंक तथा वित्तीय संस्थाले समस्यामा परेका ऋणीबाट प्राप्त निवेदनको विश्लेषणका आधारमा बक्यौता ब्याजको दश प्रतिशत रकम असुल गरी कर्जा पुनर्संरचना गर्नसक्ने अवधि २०८० चैत मसान्तसम्म कायम गरिने समीक्षामा उल्लेख छ।


समीक्षाअनुसार २०८० कात्तिकको भूकम्पका कारण क्षतिग्रस्त भएका आवासीय घर पुनर्निर्माणका लागि नेपाल सरकार वा सरकारले तोकेका निकायले भूकम्प प्रभावितको रूपमा सूचीकृत गरेका परिवारलाई बैंक तथा वित्तीय संस्थाले रु.२५ लाखसम्मको आवासीय घर कर्जा प्रवाह गर्दा आधार दरमा दुई प्रतिशत विन्दुभन्दा बढी प्रिमियम थप गर्न नपाउने व्यवस्था मिलाइनेछ। यस प्रयोजनका निम्ति साविकको कर्जा-धितो अनुपातमा बैंक तथा वित्तीय संस्थाले १० प्रतिशत वा सोभन्दा बढी विन्दुसम्म थप गर्नसक्ने व्यवस्था गरिने जनाइएको छ। भूकम्पका कारण क्षतिग्रस्त सार्वजनिक विद्यालय, अस्पताल र स्वास्थ्य चौकीको पुनर्निर्माणका निम्ति बैंक तथा वित्तीय संस्थाले आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को मुनाफाबाट सामाजिक उत्तरदायित्व कोषमा छुट्याई खर्च गर्नुपर्ने रकमको ४० प्रतिशतसम्म योगदान गर्नसक्ने व्यवस्था मिलाइने समीक्षामा उल्लेख छ।

समीक्षाअनुसार बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने रियल स्टेट कर्जा र रु.५० लाखभन्दा बढीको सेयर धितो कर्जाको जोखिम भार घटाइ १२५ प्रतिशत र रु.५० लाखसम्मको आवास कर्जाको हकमा मासिक किस्ता आम्दानी अनुपात बढाई ६० प्रतिशत कायम गरिनेछ। लघुवित्त वित्तीय संस्थासँग नियमित सम्पर्कमा रहेका तर परिस्थितिजन्य कारणले समस्यामा परी कर्जालाई नियमित गर्न नसकेका ऋणीले कर्जा पुनर्संरचनाका लागि संस्थामा २०८० चैतसम्म निवेदन दिएमा त्यस्ता ऋणीको कर्जालाई पुनर्संरचना गर्नसक्ने

व्यवस्था मिलाइने समीक्षामा जनाइएको छ। मौद्रिक नीतिको कार्यदिशा, संरचना, लक्ष्य र उपकरणका सम्बन्धमा सुझावका लागि बाह्य विज्ञहरू सम्मिलित 'मौद्रिक नीति सल्लाहकार समिति' गठन गरिने समीक्षामार्फत जनाइएको छ।

मौद्रिक नीतिको त्रैमासिक समीक्षाबाट आन्तरिक आर्थिक स्थिति सुदृढ बनाउन सहयोग पुग्ने अपेक्षा राष्ट्र बैंकले राखेको छ। आन्तरिक आर्थिक गतिविधि र मुद्रास्फीतिको अवस्थालाई दृष्टिगत गरी मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गर्दा मौद्रिक उपायहरूमा आवश्यकतानुसार परिमार्जन गरिने बैंकले जनाएको छ।

अघिल्लो वर्षदेखि विप्रेषण आप्रवाह उल्लेख्य रहेका कारण शोधनान्तर र तरलता स्थितिमा सुधार आएको र विप्रेषण आप्रवाहबाट घरपरिवारको माग विस्तार गरी आन्तरिक माग बढाउन सहयोग पुगेको राष्ट्र बैंकको विश्लेषण छ। विगत दुई वर्षमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्यालाई दृष्टिगत गर्दा




अघिल्लो वर्षझैँ चालु वर्षमा पनि विप्रेषण आप्रवाह उच्च रहने अनुमान बैंकले गरेको छ। यसबाट अर्थतन्त्रमा तरलता प्रवाह बढ्न गई आर्थिक गतिविधि चलायमान बनाउन सहयोग पुग्ने अपेक्षा राखिएको छ।

भूकम्पका कारण क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र आन्तरिक उत्पादन, आयात तथा व्यापार सन्तुलनको विगतको प्रवृत्तिलाई हेर्दा व्यापार घाटा बढ्ने र बाह्य क्षेत्र पुनः दवाबमा पर्ने जोखिमलाई दृष्टिगत गर्दै आन्तरिक उत्पादन क्षमता र मागको बीचमा सन्तुलन कायम राख्न सहयोग पुग्नेगरी मौद्रिक व्यवस्थापन गर्नुपर्ने आवश्यकता नेपाल राष्ट्र बैंकले औंल्याएको छ।

त्रैमासिक समीक्षाका सन्दर्भमा आयोजित पत्रकार सम्मेलनमा गभर्नर महाप्रसाद अधिकारीले उक्त समीक्षापछि आर्थिक गतिविधि विस्तार भई अर्थतन्त्रमा गतिशीलता आउने विश्वास व्यक्त गर्नुभयो। पत्रकार सम्मेलनमा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, बैंकका कार्यकारी निर्देशकहरू, बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, सञ्चारकर्मीलगायतको उपस्थिति थियो। ■

# गभर्नर अधिकारी जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी



गभर्नर महाप्रसाद अधिकारी अन्तर्राष्ट्रिय मुद्रा कोषद्वारा मङ्सिर २६ र २७ गते थाइल्याण्डको बैंककमा आयोजित 'High-level Seminar on Climate Change Issues for Governors and Financial Sectors Policy Makers' विषयक सम्मेलनमा सहभागी हुनुभयो।

सो कार्यक्रममा एसिया प्रशान्त क्षेत्रका केन्द्रीय बैंकका गभर्नर, डेपुटी गभर्नर, मौद्रिक क्षेत्रका अधिकारी र अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रतिनिधिसहित १३ देशका ८० जनाको सहभागिता थियो। सम्मेलनको 'Transition Challenges and Scaling Up Climate Financing' विषयक सत्रमा वक्ताको रूपमा सम्बोधन गर्दै गभर्नर अधिकारीले जलवायु परिवर्तनबाट सिर्जित समस्याका कारण नेपालसहित विश्वका अतिकम विकसित मुलुकहरू प्रभावित भएको र नेपाल अति जोखिम राष्ट्रको रूपमा रहेको बताउनुभयो। सो अवसरमा उहाँले जलवायु परिवर्तनबाट पर्नसक्ने जोखिम न्यूनीकरणका निम्ति सहयोग

गर्न अपिल गर्नुभयो ।

गभर्नर अधिकारीले जलवायु परिवर्तनका असरबाट वित्तीय क्षेत्रलाई जोगाउन तथा न्यून कार्बन उत्सर्जनको नीतिअनुरूप नेपालका बैंक तथा वित्तीय संस्थाको लागि 'Guideline on Environmental and Social Risk Management (ESRM)' जारी गरिएको जानकारी दिनुभयो । जलवायु परिवर्तनबाट वित्तीय क्षेत्रमा पर्ने असरको मूल्याङ्कन गर्न आवश्यक रहेको र यसको लागि मुद्रा कोषको भूमिका महत्वपूर्ण हुने धारणा उहाँले राख्नुभयो ।

नेपालले सन् २०४५ सम्ममा कार्बन उत्सर्जन शून्यमा झार्ने नीति लिएको र उक्त नीति कार्यान्वयनको लागि कुल ४७ अर्ब अमेरिकी डलरबराबरको हरित लगानी आवश्यक रहेको उल्लेख गर्दै उहाँले जलवायु परिवर्तनको असर न्यूनीकरणको लागि समग्र क्षमता तथा वित्तीय व्यवस्थापन चुनौतीपूर्ण रहेको बताउनुभयो ।

सम्मेलनको अवधिमा गभर्नर अधिकारीले श्रीलङ्काको केन्द्रीय बैंकका गभर्नर पी. नन्दलाल वीरसिङ्हेसँग द्विपक्षीय भेटवार्ता गर्नुभयो । भेटका क्रममा उहाँहरूबीच दुई केन्द्रीय बैंकबीच सुपरिवेक्षकीय सूचना आदानप्रदान गर्नेसम्बन्धी समझदारी र अन्तरदेशीय विद्युतीय भुक्तानीलगायतका विषयमा छलफल भएको थियो ।

सम्मेलनमा सहभागी भई गभर्नर अधिकारी मङ्सिर २८ गते स्वदेश फर्कनुभयो । सम्मेलनमा गभर्नर अधिकारीका साथमा गभर्नरको कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटा, बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक डिल्लीराम पोखरेल र गभर्नरको कार्यालयका उप-निर्देशक चोपकान्त सुवेदीसमेत सहभागी हुनुहुन्थ्यो । ■

## बैंकर्स एसोसिएसनका प्रतिनिधिसँग राष्ट्र बैंकको अन्तरक्रिया

# उद्यम/व्यवसायको प्रवर्द्धनका निम्ति सहजीकरण गरौंः गभर्नर अधिकारी

गभर्नर महाप्रसाद अधिकारीले परिस्थितिजन्य कारणले अफ्ठरोमा परेका उद्यम/व्यवसायको प्रवर्द्धनका निम्ति आवश्यक सहजीकरण गरिदिन बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिनुभएको छ ।

'क', 'ख', 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थासम्बद्ध बैंकर्स संघका अध्यक्ष/प्रतिनिधिहरूसँग मङ्सिर ६ गते बैंकमा आयोजित अन्तरक्रिया कार्यक्रममा गभर्नर अधिकारीले यस्तो निर्देशन दिनुभएको हो । उहाँले भन्नुभयो, "असल मनसायले व्यवसाय सञ्चालन गर्दागर्दै पनि अर्थतन्त्रको प्रतिकूल अवस्था र परिस्थितिजन्य कारणले अफ्ठरोमा परेका व्यवसायीलाई सहजीकरण गरिदिनुस् । उद्योग/व्यवसाय सहज रूपमा सञ्चालन हुने आवश्यक वातावरण बनाऔं । त्यसको निम्ति आवश्यक नीतिगत समन्वय र अभिभावकत्व ग्रहण गर्न राष्ट्र बैंक सधैं तयार छ ।"




वित्तीय स्थायित्वमा असर पार्नेगरी वित्तीय क्षेत्रविरुद्ध हुने अवाञ्छित गतिविधिप्रति कुनै किसिमको सम्झौता हुन नसक्ने गभर्नर अधिकारीले स्पष्ट पार्नुभयो । त्यस्ता गतिविधि बैंकिङ कसुरजन्य कार्य भएको धारणा उहाँले राख्नुभयो । "ऋण लिएपछि तिर्नैपर्छ । कसैले तिर्दिन भन्छन् र तिर्नुपर्दैन भनेर ऋणीलाई उकास्छन् भने त्यस्ता गतिविधिलाई बैंकिङ कसुरको दायरामा ल्याउनुपर्ने देखिन्छ ।" उहाँले भन्नुभयो ।

सो अवसरमा गभर्नर अधिकारीले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को संयोजकत्वमा २०८० मङ्सिर ४ र ५ गते आयोजित मुलुकको अर्थतन्त्रका वर्तमान स्थिति र आगामी कार्यदिशासम्बन्धी अन्तरक्रियामा उठेका विषयवस्तुका बारेमा समेत जानकारी गराउनुभयो । कार्यक्रममा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, कार्यकारी निर्देशकहरू देवकुमार ढकाल, डा. गुणाकर भट्ट, रेवतीप्रसाद नेपाल र विश्रुत थापाले वित्तीय क्षेत्रका समसामयिक विषयबारे धारणा राख्नुभएको थियो ।

अन्तरक्रियामा नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष सुनिल केसी, डेभलपमेन्ट बैंकर्स एसोसिएसन नेपालका कोषाध्यक्ष नरेशसिंह बोहरा, नेपाल वित्तीय संस्था संघका अध्यक्ष सुनिल पन्त र नेपाल लघुवित्त बैंकर्स संघका कार्यबाहक अध्यक्ष रामबहादुर यादव र अन्य प्रतिनिधिको उपस्थिति थियो । उहाँहरूले पछिल्लो समय कर्जाको सावाँ/ब्याज असुली तथा खराब कर्जाको व्यवस्थापन चुनौतीपूर्ण रहेको र बैंकिङ क्षेत्रमा कार्यरत जनशक्ति विदेशिने क्रम बढेको उल्लेख गर्दै त्यसको समाधानको निम्ति आवश्यक कदम चाल्नुपर्ने सुझाव दिनुभयो । साथै, कर्जा नोक्सानीसम्बन्धी विद्यमान व्यवस्थामा सहजीकरण गर्नुपर्ने आवश्यकतामा उहाँहरूले जोड दिनुभएको थियो । ■

# जेटीसीसीको छैठौं बैठक काठमाडौंमा सम्पन्न



नेपाल राष्ट्र बैंक र भारतीय रिजर्व बैंकको साझा संयन्त्र संयुक्त प्राविधिक समन्वय समिति (जेटीसीसी) को छैठौं बैठक मङ्सिर १२ गते काठमाडौंमा सम्पन्न भएको छ।

गभर्नर महाप्रसाद अधिकारीले उक्त बैठकको उद्घाटन गर्नुभयो। सो अवसरमा उहाँले मौद्रिक तथा विदेशी विनिमय, बैंकिङ नियमन तथा सुपरिवेक्षण, भुक्तानी प्रणालीलगायतका पारस्परिक विषयलाई प्राविधिक रूपमा सुल्झाउने सन्दर्भमा सो संयन्त्र प्रभावकारी रहेको धारणा राख्नुभयो। वित्तीय क्षेत्रमा देखिएका अन्तरदेशीय चुनौती र मुद्दालाई सम्बोधन गर्दै द्विपक्षीय हित प्रवर्द्धनका निम्ति आगामी दिनमा जेटीसीसीको भूमिका अझै प्रभावकारी हुनुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो। नेपालमा सन् २०२६ सम्ममा केन्द्रीय बैंक डिजिटल मुद्रा (सीबीडीसी) को पाइलट परीक्षण गर्ने लक्ष्य लिइएको उल्लेख गर्दै गभर्नर अधिकारीले त्यसमा भारतीय रिजर्व बैंकको अनुभव लाभदायी हुने विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा भारतीय रिजर्व बैंकका कार्यकारी निर्देशक आर. सुब्रमण्यमले भारत र नेपालबीच केन्द्रीय बैंकिङसहितका धेरै क्षेत्रमा लामो समयदेखि सहकार्य रहेको उल्लेख गर्दै जेटीसीसी गठन भएयता द्विपक्षीय हित प्रवर्द्धनका निम्ति उक्त संयन्त्र प्रभावकारी बनेको विचार व्यक्त गर्नुभयो। दुई केन्द्रीय बैंकका साझा विषयलाई सम्बोधन गर्नका निम्ति उक्त संयन्त्रको निरन्तरता र सहकार्यका निम्ति भारतीय रिजर्व बैंक तयार रहेको जानकारी उहाँले दिनुभयो।

बैठकमा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले स्वागत मन्तव्य राख्दै आगामी दिनमा दुई केन्द्रीय बैंकको सम्बन्ध र सहकार्य थप सुदृढ बन्दै जाने विश्वास व्यक्त गर्नुभयो। बैठकको उद्घाटन सत्रमा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रको समेत उपस्थिति थियो।

बैठकको दोस्रो सत्रमा दुवै केन्द्रीय बैंकका जेटीसीसीका अधिकारीहरूबीच द्विपक्षीय सरोकारका विभिन्न चारवटा विषय र मुद्दामा छलफल भएको थियो। त्यस क्रममा नेपाल राष्ट्र बैंकका तर्फबाट नेपाली नागरिकलाई भारतमा बैंक खाता खोल्नका निम्ति सहजीकरण गर्न आग्रह गरिएको थियो। नेपाली नागरिकताको प्रमाणपत्र, मतदाता परिचयपत्र वा नेपाली दुतावासद्वारा जारी प्रमाणपत्रका आधारमा बैंक खाता खोल्ने व्यवस्था मिलाउन राष्ट्र बैंकले आग्रह गरेको थियो। भारतीय नागरिकले राहदानी वा भारतीय दुतावासको सिफारिसका आधारमा नेपाली बैंकमा खाता खोल्न सक्ने व्यवस्था रहेको उल्लेख गर्दै नेपाली नागरिकलाई पनि भारतमा त्यस्तै सुविधा प्रदान गर्न राष्ट्र बैंकका तर्फबाट भारतीय रिजर्भ बैंकलाई आग्रह गरिएको थियो। भारतमा नेपाली नागरिकले आधार कार्ड लिएर मात्र बैंक खाता खोल्नसक्ने व्यवस्था रहेको हुँदा त्यसको सहजीकरणका लागि राष्ट्र बैंकका तर्फबाट भारतीय रिजर्व बैंकलाई आग्रह गरिएको थियो। सो सम्बन्धमा रिजर्व बैंकबाट सकारात्मक प्रतिक्रिया जनाइएको थियो।

यसै गरी, समष्टिगत आर्थिक र वित्तीय स्थायित्वका क्षेत्रमा अध्ययन/अनुसन्धानका निम्ति दुई केन्द्रीय बैंकबीच सहकार्य गर्नका निम्ति आवश्यक संयन्त्र बनाउने विषयमा समेत बैठकमा छलफल भएको थियो। साथै, नेपाल र भारतबीच अन्तरदेशीय भुक्तानी कारोबार सञ्चालन तथा नेपालमा सीबीडीसीको विकासका लागि रिजर्व बैंकसँग समन्वय गर्ने विषयमा छलफल भएको थियो।

बैठकका क्रममा नेपाल राष्ट्र बैंकका कर्मचारीको क्षमता अभिवृद्धिसम्बन्धी तालिम कार्यक्रम सञ्चालन र अवलोकन भ्रमणका विषयमा समेत दुई केन्द्रीय बैंकका अधिकारीहरूबीच छलफल भएको थियो। बैठकमा राष्ट्र बैंकका तर्फबाट गभर्नरको कार्यालयका कार्यकारी निर्देशक एवम् जेटीसीसी संयोजक डा. नेफिल मातङ्गि मास्के, कार्यकारी निर्देशकहरू डा. प्रकाशकुमार श्रेष्ठ र रामु पौडेल, निर्देशकहरू डा. सत्येन्द्र तिमिल्सिना, डा. डिल्लीराम पोखेल, गोविन्दप्रसाद नागिला, ईश्वरीप्रसाद भट्टराई, कृष्णराम धुंजु, का.मु. निर्देशक डा. वीरेन्द्रबहादुर बुढा र उप-निर्देशक चोपकान्त सुवेदीको सहभागिता थियो। यसै गरी, भारतीय रिजर्व बैंकका कार्यकारी निर्देशक आर. सुब्रमण्यम, सल्लाहकार राजन गोयल र व्यवस्थापक मौलिक शेंगलको सहभागिता थियो।

बैंकिङ तथा वित्तीय प्रणालीका द्विपक्षीय सरोकारका विषयमा सहकार्य र समन्वय गर्ने तथा विभिन्न विषयमा रहेका समस्यालाई सुल्झाउनका निम्ति संयन्त्र तयार गर्ने क्रममा सन् २०१६ जुनमा जेटीसीसीको गठन भएको थियो। ■

# सिद्धार्थनगरमा सफा नोट नीतिसम्बन्धी अन्तरक्रिया



सिद्धार्थनगर कार्यालयले मङ्सिर २२ गते सफा नोट नीति कार्यान्वयनका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक सत्येन्द्रराज सुवेदीको संयोजकत्वमा आयोजित कार्यक्रममा राष्ट्र बैंकबाट जारी सफा नोट नीतिको कार्यान्वयनका सन्दर्भमा छलफल भयो । कार्यक्रममा लुम्बिनी प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, प्रदेश प्रमुख, प्रदेशस्थित वित्तीय संस्थाका प्रतिनिधिसहित ४६ जनाको सहभागिता थियो ।

कार्यक्रममा निर्देशक सुवेदीले लुम्बिनी प्रदेशमा नोट हिफाजतसम्बन्धी सचेतना अभियान चलाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । सफा नोट नीतिको कार्यान्वयनमा बैंक तथा वित्तीय संस्थाको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै उहाँले सो सम्बन्धमा राष्ट्र बैंकले जारी गरेका नीति/निर्देशनको प्रभावकारी कार्यान्वयनका निम्ति बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिनुभयो ।

सो अवसरमा कार्यालयका उप-निर्देशक शान्तिप्रसाद पाण्डेले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक देवराज ज्ञवालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सुर्खेतमा कर्जा तथा सञ्चालन जोखिमसम्बन्धी अन्तरक्रिया




वित्तीय संस्था सुपरिवेक्षण विभागले मङ्सिर २२ गते सुर्खेतको वीरेन्द्रनगरमा 'कर्जा तथा सञ्चालन जोखिम व्यवस्थापन' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कर्णाली प्रदेशस्थित विकास बैंक र वित्त कम्पनीका प्रदेश प्रमुख तथा प्रतिनिधिको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा विभागका निर्देशक अनुज दाहालले स्वागत मन्तव्य राख्दै कर्जा तथा सञ्चालन जोखिम व्यवस्थापनका विविध पक्षलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । सोपश्चात् कार्यपत्रमाथि सहभागीहरूबीच छलफल भएको थियो । कार्यक्रममा सहभागीले राष्ट्र बैंकका पछिल्ला निर्देशन र बैंक तथा वित्तीय संस्थाले सामना गर्नुपरेका चुनौतीबारे जिज्ञासा राखेका थिए । निर्देशक दाहालसँगै सुर्खेत कार्यालयका प्रमुख बाबुराम कोइरालाले सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा कर्णाली प्रदेशस्थित विकास बैंक र वित्त कम्पनीका ३८ जनाको सहभागिता थियो । विभागका उप-निर्देशक ऋषिराम बराललेे कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी गोष्ठी सम्पन्न



वित्तीय जानकारी इकाइले मङ्सिर २६ गते काठमाडौँमा सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा कार्यशाला गोष्ठी आयोजना गर्‍यो । गैरवित्तीय पेसाकर्मी तथा व्यवसायी, नियामक निकाय र एसोसिएसनका प्रतिनिधिको सहभागितामा इकाइले उक्त गोष्ठी आयोजना गरेको हो ।

सो अवसरमा पर्यटन विभागका महानिर्देशक चक्रबहादुर बुढाले गैरवित्तीय व्यवसायी र पेसाकर्मी वर्गका सूचक संस्थाले गो-एएमएल प्रणालीमा आबद्ध भई रिपोर्टिङ गर्नुपर्ने उल्लेख गर्दै बाँकी सूचक संस्थाहरूलाई यथाशीघ्र उक्त प्रणालीमा आबद्ध हुन आग्रह गर्नुभयो । आबद्ध भइसकेका सूचक संस्थाले प्रभावकारी रूपमा रिपोर्टिङ गर्नुपर्ने आवश्यकतामा समेत उहाँले जोड दिनुभयो ।

कार्यक्रममा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका प्राविधिक निर्देशक किरणकुमार खत्रीले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका सम्बन्धमा गैरवित्तीय व्यवसायी र पेसाकर्मीले पनि आफ्ना ग्राहकको जोखिम प्रोफाइलका आधारमा कारोबारको रिपोर्टिङ गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा वित्तीय जानकारी इकाइका प्रमुख दीर्घबहादुर रावलले सहभागीका जिज्ञासालाई सम्बोधन गर्दै सूचक संस्थाले पठाएका प्रतिवेदनको विश्लेषणपश्चात् इकाइले अनुसन्धानकारी निकायमा पठाउने गरेको जानकारी दिनुभयो । साथै, सम्पत्ति शुद्धीकरण निवारणका लागि गैरवित्तीय व्यवसायी र पेसाकर्मीलाई गो-एएमएल प्रणालीमा आबद्ध भई कारोबारका विवरण इकाइमा पठाउनसमेत उहाँले आग्रह गर्नुभयो ।

कार्यक्रममा इकाइका उप-निर्देशक स्वरूप श्रेष्ठले विद्यमान कानुनी व्यवस्था तथा रिपोर्टिङको आवश्यकता र उप-निर्देशक डा. हरिकुमार नेपालले रिपोर्टिङको महत्वबारे प्रकाश पार्नुभयो । सो अवसरमा इकाइका उप-निर्देशक केशवप्रसाद रिमालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे जानकारी दिनुभयो भने सहायक निर्देशक कमल पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# दैलेखमा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी सम्पन्न

सुर्खेत कार्यालयले मङ्सिर २९ गते दैलेखको नारायण नगरपालिकामा 'आर्थिक तथ्याङ्को महत्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्या' विषयक गोष्ठी आयोजना गर्‍यो ।



आर्थिक गतिविधि अध्ययन प्रतिवेदनका लागि तथ्याङ्क उपलब्ध गराउने सरकारी निकाय, बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधि, उद्यमी/व्यवसायीको उपस्थितिमा कार्यालयले उक्त गोष्ठी आयोजना गरेको हो । सहभागीहरूलाई आर्थिक तथ्याङ्को महत्व, उपादेयता र तथ्याङ्क सङ्कलनका समस्या तथा चुनौतीबारे जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो ।

सो अवसरमा आर्थिक अनुसन्धान विभागका निर्देशक नारायणप्रसाद पोखेलले विश्व अर्थतन्त्र, समष्टिगत आर्थिक परिसूचक, कृषि र उद्योग क्षेत्रको स्थिति, निक्षेप तथा कर्जाको स्थिति, अध्ययनको आवश्यकता तथा चुनौतीलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो। यसै गरी, सुर्खेत कार्यालयका प्रमुख बाबुराम कोइरालाले गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्दै आर्थिक गतिविधि अध्ययनको आवश्यकता र विद्यमान ढाँचा, अध्ययनले समेटेका क्षेत्र, तथ्याङ्क सङ्कलनको ढाँचा, तथ्याङ्क सङ्कलनका समस्यालगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा नारायण नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, दैलेखस्थित विभिन्न सरकारी निकायका प्रमुख, दैलेख उद्योग वाणिज्य संघ, होटेल व्यवसायी संघ, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसहित ४२ जनाको सहभागिता थियो। सुर्खेत कार्यालयका सहायक निर्देशक चिनिया लामाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# एसआईएससम्बन्धी अनुशिक्षण सम्पन्न




लघुवित्त संस्था सुपरिवेक्षण विभागले मङ्सिर २८ गते काठमाडौंमा लघुवित्त वित्तीय संस्थाका कर्मचारीका निम्ति सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस) सम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गर्‍यो ।

बागमती प्रदेश (काठमाडौं उपत्यकाबाहेक), मधेश प्रदेश र कोशी प्रदेशमा केन्द्रीय कार्यालय रहेका २६ वटा लघुवित्त वित्तीय संस्थाका कर्मचारीको सहभागितामा विभागले उक्त अनुशिक्षण आयोजना गरेको हो । कार्यक्रममा ती संस्थाका प्रतिनिधिसँगै विभागका निर्देशक, उप-निर्देशक र अन्य कर्मचारीसहित ६० जनाको सहभागिता थियो ।

सो अवसरमा सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका उप-निर्देशक यज्ञ श्रेष्ठले सुपरिवेक्षकीय सूचना प्रणालीको व्यावहारिक कार्यान्वयनका सम्बन्धमा 'Offsite Module & Templates' र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक आयुष मानन्धरले एसआईएसको आवश्यकता र महत्वबारे चर्चा गर्दै यसको कार्यान्वयन अवस्थाबारे वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले लघुवित्त संस्थाका समसामयिक नीतिगत र व्यावहारिक विषयबारे चर्चा गर्दै सहभागीका जिज्ञासाको जवाफ दिनुभयो । विभागका निर्देशक चेतप्रसाद उप्रेतीले अनुशिक्षण कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो । ■

# वीरगञ्जमा नगद व्यवस्थापनसम्बन्धी अनुशिक्षण



वीरगञ्ज कार्यालयले मङ्सिर २२ गते 'शङ्कास्पद विदेशी मुद्रा पहिचान, बैंकिङ कारोबार सञ्चालन, नोट सर्टिङ तथा जाली नोट पहिचान' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गर्‍यो ।

मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक प्रदीपराज पौड्यालको प्रमुख आतिथ्यता र वीरगञ्ज कार्यालयका निर्देशक अजित रेग्मीको अध्यक्षतामा उक्त अनुशिक्षण आयोजना गरिएको हो । कार्यक्रममा मधेश प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख तथा प्रतिनिधि, मनिचेञ्जर कम्पनी, अध्यागमन कार्यालय, बारा, पर्सा र रौतहटस्थित जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला अदालत तथा उच्च अदालतका प्रतिनिधिसहित ८७ जनाको सहभागिता थियो ।

कार्यक्रममा वीरगञ्ज कार्यालयका उप-निर्देशक रचना पराजुलीले नोट सर्टिङ र जालीनोट पहिचानसम्बन्धी विषयमा प्रस्तुति दिनुभयो । त्यस क्रममा उहाँले नोटको सुरक्षण विशेषता र सफा नोट नीति, २०७३ का उद्देश्य, सर्टिङसम्बन्धी व्यवस्था, अन्य नीतिगत व्यवस्था र सोको कार्यान्वयनको वर्तमान अवस्था, चुनौती र प्रभावकारी कार्यन्वयनको लागि सरोकारवाला निकायको भूमिकाबारे चर्चा गर्नुभयो । यसै गरी, बैंकिङ विभागका उप-निर्देशक गेदा पंगेनीले शङ्कास्पद विदेशी मुद्रा पहिचान र बैंकिङ कारोबार सञ्चालन विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक पौड्यालले सहभागीका जिज्ञासालाई सम्बोधन गर्दै जाली नोटको प्रयोगले अर्थतन्त्रमा पार्ने असरबारे चर्चा गर्नुभयो । सो अवसरमा वीरगञ्ज कार्यालयका निर्देशक रेग्मीले जाली नोटको प्रयोगप्रति सजग हुनुपर्ने उल्लेख गर्दै सोको नियन्त्रणका निम्ति सामूहिक प्रयास हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।


सो अवसरमा वीरगञ्ज कार्यालयका उप-निर्देशक मिलादेवी बाराहीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक श्यामसुन्दर प्रसाद केशरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# विभिन्न कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न



वीरगञ्ज कार्यालयले मङ्सिर ८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका सहायक निर्देशक रितु गुप्ताले 'नेपालमा वित्तीय संघीयता' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले वित्तीय विकेन्द्रीकरणको फाइदा र बेफाइदाबारे प्रकाश पार्दै उपलब्ध स्रोतको न्यायोचित वितरणमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिकाबारे चर्चा गर्नुभयो । सो अवसरमा वीरगञ्ज कार्यालयका निर्देशक अजित रेग्मीले कार्यक्रम उपलब्धिमूलक रहेको धारणा राख्नुभयो । कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो ।

सिद्धार्थनगर कार्यालयले मङ्सिर २७ गते कार्यालयको सभाकक्षमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक सत्येन्द्रराज सुवेदीको संयोजकत्वमा आयोजित कार्यक्रममा सहायक निर्देशक कृष्णप्रसाद भट्टराईले सार्वजनिक खरिदसम्बन्धी विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले सार्वजनिक खरिदसँग सम्बन्धित कानुनी, नीतिगत र व्यावहारिक पक्षबारे जानकारी दिनुभयो । कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो ।




यसै गरी, गभर्नरको कार्यालयले मङ्सिर २४ गते भर्चुअल माध्यमबाट ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक विज्ञानराज सुवेदीले 'Exchange Rate





Determination Foreign Exchange Buy-sell and Intervention by NRB' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले नेपालमा विनिमय दर निर्धारणको पृष्ठभूमि, विद्यमान कानुनी र नीतिगत व्यवस्था, निर्धारण प्रक्रिया, विदेशी विनिमयको खरिद र बिक्री प्रक्रियाबारे जानकारी दिनुभयो । कार्यक्रममा विभिन्न विभाग/कार्यालयका करिब ३०० कर्मचारीको सहभागिता थियो । कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केको अध्यक्षतामा उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

यसै गरी, पोखरा कार्यालयले मङ्सिर २८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका सहायक निर्देशक यशोधा पोखरेलले 'विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षणसम्बन्धी व्यवस्था' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा कार्यालयका निर्देशक आर्या जोशीले विदेशी विनिमय व्यवस्थापन राष्ट्र बैंकको महत्वपूर्ण कार्य रहेको उल्लेख गर्दै सबै कर्मचारीमा विदेशी विनिमय कारोबार र यससँग सम्बन्धित नीतिगत व्यवस्थाको जानकारी हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

यसै गरी, सुर्खेत कार्यालयले कात्तिक १७ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा सहायक निर्देशक अजितकुमार सीकेले 'Introduction to AML/CFT' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणको अवधारणा, पृष्ठभूमि, कानुनी र नीतिगत व्यवस्था, वित्तीय जानकारी इकाइको भूमिकालगायतका विषयमा जानकारी दिनुभयो । कार्यक्रममा कार्यालयका प्रमुख बाबुराम कोइरालाले ज्ञान आदानप्रदान कार्यक्रमबाट कर्मचारीको ज्ञान/सीप र क्षमता विकास हुने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो । ■

# सुर्खेतमा समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया

सुर्खेत कार्यालयले कात्तिक २३ गते वीरेन्द्रनगरमा समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

सुर्खेतस्थित विकास बैंक र वित्त कम्पनीका शाखा प्रमुख तथा प्रतिनिधिको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा सहभागीहरूबीच वित्तीय संस्थाको निक्षेप र कर्जाको स्थिति, कर्जाको गुणस्तर, कर्जा असुली, वित्तीय साक्षरता, वित्तीय क्षेत्रका विद्यमान समस्या र चुनौतीलगायतका विषयमा सहभागीहरूबीच छलफल भएको थियो । सो अवसरमा सहभागीका तर्फबाट आ-आफ्नो संस्थाका वित्तीय स्थितिबारे जानकारी गराइएको थियो । कार्यक्रममा १८ जनाको सहभागिता थियो । सहभागीले खराब कर्जा बढेको, ब्याजदर उच्च रहेको, वित्तीय संस्थाहरूबीच अस्वस्थ प्रतिस्पर्धा रहेको, वाणिज्य बैंकहरूसँग प्रतिस्पर्धा गर्नुपरेको, कर्जा असुलीमा समस्या रहेको, कर्मचारीमा



सुरक्षा चुनौती रहेकोलगायतका धारणा राखेका थिए ।

कार्यक्रममा सुर्खेत कार्यालयका प्रमुख बाबुराम कोइरालाले छलफलमा उठेका जिज्ञासाको जवाफ दिँदै राष्ट्र बैंकबाट जारी भएका निर्देशन र नीतिगत व्यवस्थाको कार्यान्वयन गर्न सहभागीहरूलाई आग्रह गर्नुभयो । कार्यालयका सहायक निर्देशक रमेश पंगेनीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# केन्द्रद्वारा चार वटा तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले मङ्सिर महिनामा विभिन्न चारवटा तालिम कार्यक्रम सम्पन्न गरेको छ। यस क्रममा केन्द्रले मङ्सिर १० देखि १५ गतेसम्म भक्तपुरको बोडेमा 'Research Methodology & Report Writing' विषयक अधिकृतस्तरीय तालिम कार्यक्रम सञ्चालन गर्‍यो। १७ वटा सेसनमा सञ्चालित उक्त तालिममा ३० जनाको सहभागिता थियो। सो अवसरमा अनुसन्धान प्रस्ताव, प्रश्नावली निर्माण, सर्वेक्षण व्यवस्थापन, नमूना छनोट, तथ्याङ्कको प्रस्तुति र प्रतिवेदन लेखनलगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो।

नेपाल राष्ट्र बैंकमा कार्यरत उप-निर्देशकहरूको नेतृत्व विकास तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ केन्द्रले मङ्सिर १५ र १६ गते काभ्रेको धुलिखेलमा 'Behavioral Science for Middle Level Officers' विषयक कार्यक्रम सञ्चालन गर्‍यो। काठमाडौं र प्रदेशस्थित कार्यालयका ९९ जना उप-निर्देशकहरूको सहभागिता थियो। कार्यक्रममा संवेगका विविध पक्ष र यसको व्यवस्थापन, आध्यात्मिक चिन्तन र सन्तुलित जीवनशैली, तनाव व्यवस्थापनका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो।

केन्द्रले मङ्सिर १८ देखि २२ गतेसम्म 'Procurement Management in NRB' विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गर्‍यो। १५ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३२ जना प्रशिक्षार्थीको सहभागिता थियो। उक्त तालिममा सार्वजनिक खरिदसँग सम्बन्धित कानुनी व्यवस्था, बोलपत्र आह्वानका प्रक्रिया, सम्झौता र करार व्यवस्थापन, भुक्तानीको प्रक्रिया, सम्पत्ति व्यवस्थापनलगायतका विषयवस्तु समेटिएको थियो।

यसै गरी, केन्द्रले मङ्सिर २४ देखि २९ गतेसम्म 'Central Banking Training for Officers' विषयक अधिकृतस्तरीय तालिम कार्यक्रम सञ्चालन गर्‍यो। १७ वटा सेसनमा सञ्चालित उक्त तालिममा ३१ जना प्रशिक्षार्थीको सहभागिता थियो। सो अवसरमा नेपालको केन्द्रीय बैंकिङ, समष्टिगत आर्थिक स्थायित्व, मौद्रिक नीतिको कार्यान्वयन, सार्वजनिक ऋण व्यवस्थापन, विदेशी विनिमय व्यवस्थापन र बाह्य क्षेत्र स्थायित्व, वित्तीय पहुँच र ग्राहक हित संरक्षण, नियामकीय र सुपरिवेक्षकीय संरचना, भुक्तानी तथा फर्छ्यौट प्रणाली, मुद्रा व्यवस्थापन, बैंकको योजना र बजेट प्रणाली, मानव संशाधन विकास, सम्पत्ति शुद्धीकरण निवारण, आन्तरिक लेखापरीषण, कानुनी संरचनालगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो। ■

## अवकाश

बैंकिङ विभागका प्रधान सहायक पुष्पराज सुवेदीले मङ्सिर १६ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ। यसै गरी, जनकपुर कार्यालयका कार्यालय सहयोगी प्रथम पञ्चलाल यादव र विराटनगर कार्यालयका कार्यालय सहयोगी तृतीय सावित्री लामाले पनि क्रमशः मङ्सिर १५ र मङ्सिर १८ गते सेवाबाट अवकाश पाउनुभएको छ। उहाँहरूले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संशाधन व्यवस्थापन विभागले दिएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

प्रकाशक
नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
सूचना तथा सञ्चार महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०/३६२
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

सम्पादक
डा. भागवत आचार्य

सम्पादन सहयोगी
सविन ओली
लालकुमार सुवेदी
नवीना ताम्राकार

ले-आउट
संजीव दाहाल